# भीरकोट नगरपालिका उपप्रमुख श्री भगवती रेग्मी अर्याल ज्यूद्वारा
# प्रस्तुत आर्थिक बर्ष २०८३/८४ को बजेट वक्तव्य

# भीरकोट नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

**बयरघारी, स्याङ्जा**

**असार, २०८३**

भीरकोट नगरपालिका

# भीरकोट नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## आर्थिक वर्ष २०८३/८४ को बजेट बक्तब्य

**आदरणीय यस गरिमामय सभाका सभाध्यक्षज्यू, नगर सभाका सचिवज्यू नगरसभा सदस्यहरु र राष्ट्रसेवक कर्मचारी मित्रहरुः-**

- भीरकोट नगरपालिकाको नगर उपप्रमुख एवं बजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजकको रुपमा यस गरिमामय सभामा हाम्रो कार्यकालको पाँचौं तथा आर्थिक वर्ष २०८३/८४ को प्रस्तावित वार्षिक बजेट प्रस्तुत गर्न पाउँदा गैरवान्वित अनुभुती गरेको छु ।
- चालू आर्थिक वर्षमा संघीय तथा प्रदेश सरकारबाट प्राप्त सिलिङ बमोजिम न्युन रकम प्राप्त भएको र नगरपालिकाको आन्तरिक आम्दानी समेत लक्ष्य अनुसार पुर्ण रुपमा हासिल हुन नसकेकाले चालु आर्थिक वर्षका केही नीति तथा कार्यक्रमको कार्यान्वयनमा अप्ठ्यारो परेको व्यहोरा सदस्यहरुलाई अवगत नै छ ।
- यस गरिमामय सभामा आगामी आर्थिक वर्षको बजेट प्रस्तुत गरिरहँदा हामीले लिएको लक्ष्य क्रमश हाँसिल गर्दै जाने आशा र विश्वासका साथ आर्थिक वर्ष २०८३/८४ को प्रस्तावित बजेट तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु।

**नगरसभा सदस्यहरु,**

- यस अवसरमा सर्वप्रथम म नेपाली जनताले इतिहासका विभिन्न कालखण्डमा प्रजातन्त्र, समाजवाद, र संघीय लोकतान्त्रिक गणतन्त्रात्मक नेपाल स्थापनाका लागी भएका विभिन्न आन्दोलनमा आफ्नो जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरु प्रति भावपूर्ण श्रदाञ्जली व्यक्त गर्दछु ।
- यस गरिमामय सभामा आगामी आर्थिक वर्षको प्रस्तावित बजेट तथा कार्यक्रमबाट हामीले गत विगत देखि गरेको प्रतिवद्धता र लक्ष्य प्राप्तिमा थप सहयोग पुग्ने अपेक्षा लिएको छु ।

**नगरसभा सदस्यहरु**

- अब म आर्थिक वर्ष २०८२/८३ को जेठ मसान्त सम्मको यथार्थ आम्दानी तथा खर्चको विवरण यस सभामा संक्षिप्त रुपमा पेश गर्दछु ।
- चालू आर्थिक वर्ष २०८२/८३ को जेठ मसान्तसम्म चालू तर्फ रु. ४३ करोड ७४ लाख ८० हजार विनियोजन भएकोमा रु. २८ करोड ८९ लाख ७१ हजार (सामाजिक सुरक्षा बाहेक) अर्थात करिब ६६.०६६ प्रतिशत खर्च भएको छ ।
- त्यसैगरी पुँजिगत तर्फ रु. २० करोड ३९ लाख ५० हजार विनियोजन भएकोमा रु. ९ करोड ४६ लाख ३८ हजार अर्थात करिब ४७.२९ प्रतिशत खर्च भएको छ ।

**नगरसभा सदस्यज्यूहरु**

अब म आगामी आर्थिक वर्षको बजेटका उद्देश्य तथा प्राथमिकतालाई प्रस्तुत गर्ने अनुमति चाहन्छु। बजेटका मुख्य मुख्य उद्देश्य देहायबमोजिम रहेका छन् ।

- संघीय तथा प्रदेश सरकारबाट प्राप्त हुने समानीकरण अनुदान, राजश्व बाडफाँटबाट प्राप्त हुने रकम र आन्तरिक राजश्वबाट प्राप्त रकमलाई मितव्ययी तथा प्रभावकारी रुपमा परिचालन गर्ने ।
- कृषि तथा पशुपालन क्षेत्रमा लगानी वृद्धि गरी नगरपालिकालाई खाद्यान्न, फलफूल, तरकारी, दुध तथा मासुमा आत्मनिर्भर बनाउने ।
- अति विपन्न, दलित, असहाय अपाङ्ग लगायतका सम्पूर्ण नगरबासीहरुको स्वास्थ्यमा पहुँच विस्तार गर्दै गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्ने।
- नगरपालिका भएर जाने दुई जिल्ला र दुई स्थानीय तह जोड्ने रणनैतिक सडक तथा सहायक कच्ची सडकको स्तरोन्नती गरी पक्की सडकमा रुपान्तरण गर्ने ।
- आँधिखोला तथा अन्य खोलाहरुमा तटबन्धन गरी कृषियोग्य जमिनको संरक्षण गर्ने।
- विभिन्न निजी तथा गैरसरकारी संस्थाहरुको लागत साझेदारीमा कृषकहरुको जिवनस्तरमा सुधारका कार्यक्रमहरु संचालन गर्ने ।

**वजेटका उद्देश्यहरु देहाय वमोजिम रहेका छन ।**

१. न्युनतम शहरी विकासको पुर्वाधार निर्माण गर्ने ।

२. सामाजिक संरक्षण र विकासको माध्यामवाट सामाजिक न्याय एवं समता कायम गर्ने ।

३. उद्यमसिलता विकास तथा रोजगारी सृजना गर्ने ।

४. गुणस्तरीय र सार्वजनिक सेवा प्रवाह गर्ने ।

५. नागरिकको आधारभुत आवश्यकता / सेवाको संवोधन गर्ने ।

६. शैक्षिक क्षेत्रको गुणस्तरमा सुधार गर्ने ।

**माथि उल्लिखित उद्देश्य हासिल गर्न देहाय बमोजिमका प्राथमिकताका आधारमा बजेट तथा कार्यक्रम प्रस्तुत गरिएको छ।**

१. दिगो पुर्वाधार निर्माण तथा स्तरोन्नति

२. सामाजिक पुर्वाधार विकास

३. नागरिकको जीवनस्तरमा वढोत्तरी

४. उद्यमसिलतामा प्रवर्द्दन

५. आर्थिक विकास तथा रोजगारी सृजना

६. शुसासन तथा भ्रस्ट्र्चार निवारण

७. विपद तथा प्रकोप नियन्त्रण

**नगरसभा सदस्यज्यूहरु**

अब म क्षेत्रगत रुपमा आगामी आर्थिक वर्षका लागि प्रस्तावित बजेट तथा कार्यक्रम प्रस्तुत गर्दछु।

**क) <u>पूर्वाधार विकास</u>**

१. गत आर्थिक वर्षदेखि प्राथमिकतामा रहेका २ वटा रणनैतिक सडकहरु मध्ये बयरघारी-ठूलिभञ्ज्याङ हुँदै पर्वत जोड्ने सडक खण्डको स्तरोन्नतीका लागि संघीय तथा प्रदेश सरकारसँग समन्वय गरी रु १ करोड रकम विनियोजन गर्ने व्यवस्था मिलाइनेछ ।

२. नगरपालिका क्षेत्रभित्र आँधिखोलाको दाँयाबाँया रहेका करिब २८ सय ९० रोपनी खेतियोग्य उर्वर भुमि संरक्षणका लागी संघीय विषेश अनुदानबाट तटबन्धन गर्नको लागि १ करोड ३५ लाख बजेट विनियोजन गर्ने व्यवस्था मिलाएको छु ।

३. सहरी विकास तथा भवन निर्माण कार्यालय पोखराको सहकार्य र समन्वयमा बयरघारीदेखि खिलुङ देउराली स्वास्थ्य चौकी सम्मको करिब १.५ कि.मी. सडक कालोपत्रे गर्ने र ढापुक फेदीदेखि जामुनेडाँडा (८ नं. वडा कार्यालय) सम्मको करिब २ सय मिटर कच्ची सडक कालोपत्रे गर्ने काम अन्तिम चरणमा पुगेको छ ।

४. आन्तरिक पर्यटन प्रवर्द्धन गरी नगरपालिकाको आन्तरिक आम्दानीमा वृद्धि गर्नसहरी विकास तथा भवन निर्माण कार्यालय पोखराको सहकार्य र समन्वयमा सरसफाई व्यवस्थापन केन्द्र तथा भीरकोट पार्कमा निर्माण हुने गरी तालको विचमा मन्दिर निर्माण गर्ने कार्यका सम्पन्न गर्नका लागि रु. ५० लाख विनियोजन गरी योजना सन्चालनमा निरन्तरता दिने व्यवस्था मिलाएको छु ।

५. चालू आर्थिक वर्षको अनुभव समेतलाई मध्येनजर गरी आगामी आर्थिक वर्षमा प्रदेश तथा जिल्ला स्तरीय कार्यालयबाट आँधिखोलामा हुने तटबन्धनका लागि नगरपालिकाको तर्फबाट साझेदारी र समन्वय गर्ने व्यवस्था मिलाएको छु ।

६. संघीय सरकार, प्रदेश सरकार, सडक वोर्ड नेपाल, पर्यटन वोर्ड र नवप्रवर्तन साझेदारी कार्यक्रम समेतका अन्य सरकारी निकायहरुबाट संञ्चालन हुने आयोजना तथा कार्यक्रममा सहलगानी गर्नका लागी समपुरक अनुदान शिर्षकमा एकमुष्ट रु. १ करोड ३० लाख विनियोजन गर्ने व्यवस्था मिलाएको छु ।

७. नगरपालिकाको गौरबको रुपमा रहेको भीरकोट खेलमैदानको स्तरोन्नती, मर्मतसम्भार तथा संरक्षण, खेलमैदानको विस्तार, प्याराफिटको निर्माण र विद्युतिकरण कार्यका लागि संघीय तथा प्रदेश सरकारसँग आवश्यक पहल गर्ने व्यवस्था मिलाइने छ।

८. नगर क्षेत्र भित्र रहेका मुख्य तथा सहायक ग्रामिण सडकहरुको नियमित रुपमा सरसफाई गरी बाह्रै महिना यातायात सूचारु गर्न वडा नं ३ र ८ लाई क्रमशः १०/१० लाख, ५ र ९ का लागि रु ७/७ लाख र बाँकी ५ वटा वडाहरुलाई ५/५ लाख गरी जम्मा रु. ५९ लाख बजेट विनियोजन गर्ने व्यवस्था मिलाएको छु ।

९. वडाबासीहरुको आवश्यकता अनुसारका योजना तथा कार्यक्रमहरु संचालन गर्न वडा नं ३ र ८ लाई रु. ४०/४० लाखका दरले र बाँकी वडाहरुलाई रु.३०/३० लाखका दरले जम्मा रु. २ करोड ९० लाख वडास्तरीय आयोजनाका लागि बजेट विनियोजन गर्ने व्यवस्था मिलाएको छु ।

१०. नगरपालिका अन्तर्गत रहेका सामुदायिक विद्यालय, वडा कार्यालय, आमा समूह र युवा क्लवका भवनहरुको निर्माण, मर्मत सम्भार र घेराबार गर्न आवश्यक पर्ने रकम विनियोजन गर्ने व्यवस्था मिलाएको छु ।

**ख) <u>आर्थिक विकास</u>**

११. संघीय सरकारबाट शसर्त अनुदान अन्तर्गत विनियोजित भई आएको रकमका अतिरिक्त कृषि तथा पशुपालन क्षेत्रमा संलग्न कृषकहरुको आवश्यकता अनुसार कृषि तथा पशुपालन सम्बन्धि कार्यक्रम निरन्तरता दिनको लागि हेफर फ्रोजेक्ट, नेपाल र नगरपालिकाको साझेदारीमा कृषि तथा पशु विकास परियोजना संचालन गर्नका लागि रु. ७० लाख विनियोजन गर्ने व्यवस्था मिलाएको छु ।

१२. नगरपालिका भित्रको कृषि र पशुजन्य उत्पादनलाई वृद्दि गर्नका लागि नगरपालिकावाट कृषि क्षेत्रको आधुनिकिकरण व्यवसायीकरण र वजारिकरण गर्ने गरी कृषि र पशु सेवा शाखावाट कृषकहरु लाभान्वित हुने गरी वजेटको विनियोजन र कार्यक्रम कार्यान्वियन हुने प्रवन्ध मिलाएको छु ।

१३. संघीय ससर्त अनुदानबाट शिक्षा, स्वास्थ्य, कृषि, पशु विकास लगायतका कार्यक्रम संचालन गर्नको लागि शसर्त अनुदानमा जम्मा रु २८ करोड ३ लाख रकम विनियोजन भई आएकोले उक्त कार्यक्रमहरु संघीय सरकारद्वारा जारी भएका ऐन, नियम, कार्यविधि, मापदण्ड तथा निर्देशिका अनुसार संचालन गर्ने/गराउने व्यवस्था मिलाइनेछ ।

१४. विगत आर्थिक वर्षदेखि गाईपालक कृषक, दुग्ध उत्पादक सहकारीलाई दुध ढुवानीमा दिइदै आएको अनुदान कार्यक्रमलाइ निरन्तरता दिने व्यवस्था मिलाएको छु ।

**ग) <u>वातावरण तथा विपद् व्यवस्थापन</u>**

१५. नगरपालिकाको कार्यक्षेत्र भित्र वातावरण तथा सरसफाईका विविध कार्यक्रम संञ्चालन गर्नका लागि रु. ३ लाख विनियोजन गर्ने व्यवस्था मिलाएको छु ।

१६. मनसुनजन्य प्राकृतिक विपद तथा अन्य कारणले आउन सक्ने महामारीजन्य प्रकोप नियन्त्रणका लागि आवश्यक पर्ने औषधिउपचार तथा उपकरण खरिदका लागि आवश्यक रकम विनियोजन गर्ने व्यवस्था मिलाएको छु ।

१७. नगरपालिका क्षेत्रभित्र हुनसक्ने प्राकृतिक तथा मानविय प्रकोप तथा विपद्बाट आहातमा पर्ने नगरवासीहरुलाई राहत तथा पुनस्थापना कार्यका लागि एकमुष्ठ रु. ८ लाख विनियोजन गर्ने व्यवस्था मिलाएको छु ।

**घ) <u>सामाजिक विकास</u>**

१८. नगरक्षेत्र भित्र रहेका अति विपन्न दलित, अल्पसंख्यक तथा मुस्लिम समुदायको उत्थानका लागी आवश्यक कार्यक्रम संचालन गर्न आर्थिक सहायता शिर्षकमा रु. ८ लाख र विपन्न गरिव तथा असहाय बर्ग औषधि उपचार खर्च रु. ८ लाख गरी जम्मा रु. १६ लाख विनियोजन गर्ने व्यवस्था मिलाएको छु ।

१९. सामुदायिक तथा संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको शारीरिक, मानसिक, संवेगात्मक तथा बौद्धिक विकासका लागि नियमित रुपमा सञ्चालन गरिदै आएको राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितालाई थप व्यवस्थित तथा प्रभावकारी रुपमा संचालन गर्न रु. १५ लाख विनियोजन गर्ने व्यवस्था मिलाएको छु ।

२०. नगरपालिका क्षेत्र भित्र रहेका सामुदायिक विद्यालयका बालविकास केन्द्रमा अध्यापनरत सहयोगी कार्यकर्ता, विद्यालयमा कार्यरत कर्मचारी र लेखा हेर्ने कर्मचारीहरुलाई संघीय सरकारबाट उपलब्ध गराइने सेवा सुविधाको अतिरिक्त रकम थप गर्न रु. ७० लाख विनियोजन गर्ने व्यवस्था मिलाएको छु ।

२१. विगत आर्थिक वर्ष देखि स्वास्थ्य सेवामा कार्यरत महिला स्वयंसेविकाहरुको नियमित बैठक, खाजा खर्च, यातायात खर्च र संचार खर्चलाई आगामी आर्थिक वर्षमा निरन्तरता दिनका लागि रु. १२ लाख ४८ हजार, गर्भवती महिलाहरुलाई अण्डा वितरण कार्यक्रमका लागि रु. ८ लाख र सुत्केरी महिलाहरुलाई प्रसुति पोषण भत्ताबापत रु. ७ लाख गरी जम्मा रु. २७ लाख ४८ हजार नगरपालिकाको आन्तरिक स्रोतबाट विनियोजन गर्ने व्यवस्था मिलाएको छु ।

२२. नगरक्षेत्रमा बसोबास गर्ने फरक क्षमता भएका नागरिकहरुको जीवनयापनलाई सहज र सरलिकरण गर्नका लागि आवश्यक पर्ने सीप तथा क्षमताको विकास र आवश्यकता अनुसारका अन्य सामाग्रीहरु खरिद/वितरण गरी सहयोग गर्नका लागि फरक क्षमता भएका नागरिक उत्थान कार्यक्रम शिर्षकमा रु. ४ लाख बजेट विनियोजन गर्ने व्यवस्था मिलाएको छु ।

२३. नगर क्षेत्र भित्र रहेका युवा-युवतीहरुको शारीरिक, मानसिक तथा संवेगात्मक विकास गरी उनिहरुलाई आवश्यकता अनुसार नगरपालिकाद्धारा संचालित कार्यक्रममा सहभागि गराउन युवा तथा खेलकुद कार्यक्रमका लागि एकमुष्ट रु. १० लाख विनियोजन गर्ने व्यवस्था मिलाएको छु ।

२४. मिति २०७७ साल फागुन २२ गते बालमैत्रि स्थानीय तह घोषणा भएपश्चात बालमैत्री स्थानीय शासन कार्यक्रमका सुचकहरु अद्यावधिक तथा कार्यक्रमको निरन्तरताका लागि रु. १० लाख विनियोजन गर्ने व्यवस्था मिलाएको छु ।

२५. सामुदायिक विद्यालयहरुमा विगतदेखि कार्यान्वयनमा रहेको पढ्नको लागि कक्षा कोठा कार्यक्रमको प्रभावकारितालाई मध्यनजर गरी सामुदायिक विद्यालयहरुमा क्रमशः पढ्नको लागि कक्षा कोठा कार्यक्रम संचालन गर्न रु. ८ लाख, स्थानीय पाठ्यक्रमको परिमार्जन तथा छपाई गरी कक्षा १ देखि ८ सम्म अध्ययनरत विद्यार्थीहरुलाई निःशुल्क पाठ्यपुस्तक वितरण गर्ने प्रयोजनका लागि रु.

५ लाख र शैक्षिक क्यालेण्डर परिमार्जन तथा प्रकाशनका लागि रु. १ लाख गरी जम्मा रु. १५ लाख विनियोजन गर्ने व्यवस्था मिलाएको छ ।

२६. कक्षा ६ मा अध्ययनरत सामुदायिक विद्यालयका विद्यार्थीहरुलाई नगरपालिकाको आन्तरिक पहलमा दिवा खाजा उपलब्ध गराउनका लागि रु. ८ लाख विनियोजन गर्ने व्यवस्था मिलाएको छ ।

२७. जेष्ठ नागरिकहरुको हक हित र संरक्षणका लागि मेयरसँग जेष्ठ नागरिक कार्यक्रम सञ्चालन गर्नका लागि रु. ३ लाख विनियोजन गर्ने व्यवस्था मिलाएको छ ।

२८. नगरक्षेत्र भित्र बसोबास गर्ने हरेक नगरबासीहरुलाई सहज रुपमा शुद्ध पिउने पानीको उपलब्धता, गुणस्तरको सुनिश्चितता र सरसफाई कार्यक्रम संचालन गर्नका लागि रु. ८ लाख विनियोजन गर्ने व्यवस्था मिलाएको छ ।

२९. राष्ट्रिय दिवसका रुपमा रहेका प्रजातन्त्र दिवस, गणतन्त्र दिवस, निजामती सेवा दिवस, संविधान दिवस लगायतका दिवस तथा समारोह मनाउन एकमुष्ट रु. २ लाख विनियोजन गर्ने व्यवस्था मिलाएको छ।

३०. नगरपालिका क्षेत्र भित्र रहेका महिलाहरुको आवश्यकता अनुसारको क्षमता विकास तथा आय आर्जनका अन्य कार्यक्रमहरु संचालन गर्न महिलासँग उपमेयर कार्यक्रमको लागि रु. ३० लाख विनियोजन गर्ने व्यवस्था मिलाएको छ ।

३१. नगरक्षेत्र भित्र रहेका विभिन्न जातजाती, भाषा समुदायहरुका साँस्कृतिक तथा धार्मिक जात्रा मेला पर्वहरुको संरक्षण तथा सम्वर्द्धनका लागि रु. ५ लाख विनियोजन गर्ने व्यवस्था मिलाएको छ।

३२. नगर अस्पतालबाट प्रवाह हुने स्वास्थ्य सेवालाई सहज, सरल र गुणस्तरीय बनाउन मौजुदा अस्थायी दरबन्दीको पुनरावलोकन गरी अस्पतालको आन्तरिक आम्दानीबाट तलब, भत्ता खानेगरी अत्यावस्यक स्वास्थ्यकर्मीहरु सेवा करारमा लिने व्यवस्था मिलाइनेछ ।

## ङ) सुशासन तथा संस्थागत विकास

३३. नगरपालिका र अन्तर्गतका निकायमा कार्यरत कर्मचारीहरु र पदाधिकारीहरुको लागी आवश्यक पर्ने पारिश्रमिक, पोशाक भत्ता लगायतका सेवा सुविधाहरुका लागि आवश्यक पर्ने रकम विनियोजन गर्ने व्यवस्था मिलाएकोछु ।

३४. नगर अस्पतालबाट प्रवाह हुने स्वास्थ्य सेवालाई गुणस्तरीय बनाउन नगर अस्पताल संचालनको लागि रु. ३५ लाख विनियोजन गर्ने व्यवस्था मिलाएको छ ।

३५. साविकको स्थानीय निकायबाट समायोजन भई आएका कर्मचारीहरुले अवकाश पश्चात पाउने सेवा सुविधाको सुनिश्चितताका लागी कल्याण कोषमा रकम जम्मा गर्न रु. ३० लाख विनियोजन गर्ने व्यवस्था मिलाएको छ ।

३६. कार्यालय संचालनका लागी आवश्यक पर्ने पानी, विजुली, इन्धन, सवारी साधनको मर्मत, वीमा तथा नवीकरण, मेशिनरी औजारको मर्मत सम्भार, मसलन्द तथा कार्यालय सामाग्री, सूचना तथा छपाई, सेवा परामर्श, सफ्टवेयर संचालन लगायतका चालू खर्चका लागी चालू आर्थिक वर्षको

यथार्थ खर्च समेतलाई मध्येनजर गरी सो अनुसार आवश्यक पर्ने रकम विनियोजन गर्ने व्यवस्था मिलाएको छु ।

३७. कर्मचारी तथा पदाधिकारीहरुको ज्ञान सीप तथा क्षमता विकास र समुदायस्तरमा जनचेतना फैलाउने कार्यका लागि आवश्यक पर्ने रकम विनियोजन गर्ने व्यवस्था मिलाएको छु।

३८. नगरपालिका अन्तर्गत रहेका ९ वटा वडा कार्यालयहरुलाई आवश्यक पर्ने कार्यक्रम बजेट अन्तर्गत प्रतिवडा १/१ लाखका दरले रु ९ लाख विनियोजन गर्ने व्यवस्था मिलाएको छु।

३९. नगरपालिका र अन्तर्गतका कार्यालयहरुबाट नियमित रुपमा सम्पादन हुने सेवा प्रवाह, विकास निर्माण लगायतका सम्पूर्ण गतिविधिहरु चौमासिक रुपमा आम नगरबासीहरुलाई जानकारी गराई पारदर्शिता कायम गर्न र आवश्यक पृष्ठपोषण लिनका लागि सार्वजनिक सुनुवाइ कार्यक्रम संचालन गर्न रु. ३ लाख बजेट विनियोजन गर्ने व्यवस्था मिलाएको छु ।

४०. नगरक्षेत्र भित्र रहेका धार्मिक, साँस्कृतिक स्थल र महत्त्वपूर्ण पर्यटकीय स्थलहरुको पुननिर्माण, मर्मतसम्भार तथा रङरोगन गर्नका लागी रु. ५ लाख विनियोजन गर्ने व्यवस्था मिलाएको छु।

४१. संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारबाट सम्पादित योजना तथा कार्यक्रमहरुको नियमित रुपमा अनुगमन, मुल्याङ्कन तथा पृष्ठपोषणका लागि आवश्यक पर्ने रकम विनियोजन गर्ने व्यवस्था मिलाएको छु।

४२. गत आर्थिक वर्षदेखि संञ्चालन गरिदै आएको मदर्शामा कार्यरत शिक्षकहरुलाई दिइने प्रोत्साहन कार्यक्रमको निरन्तरताका लागि रु. ११ लाख ७० हजार विनियोजन गर्ने व्यवस्था मिलाएको छु ।

४३. नगरपालिकाले संचालन गर्दै आएको बसपार्क, ग्रिजिस्क्रिनिङ भाइब्रेटर मेसिन रहेको जग्गाको भाडा र ४ नं वडा कार्यालयको भाडा तथा कार्यपालिका बैठकको निर्णयानुसार कर्मचारीलाई उपलब्ध गराउने आवास सुविधा भुक्तानीका लागि आवश्यक पर्ने रकम विनियोजन गर्ने व्यवस्था मिलाएको छु ।

४४. अत्यावश्यक परिस्थितिमा भाडामा लिनुपर्ने सवारीसाधन, मेशिनरी लगायतका अन्य सामाग्रीहरु भाडामा लिनका लागि आवश्यक पर्ने रकम विनियोजन गर्ने व्यवस्था मिलाएको छु।

४५. कार्यपालिकाको निर्णानुसार तोकिएको मापदण्डको पालनागरी नगर क्षेत्र भित्र र बाहिर कार्यक्षेत्र रहेका विभिन्न संघ-सस्थाहरुलाई आवश्यकताका आधारमा दिइने अनुदान कार्यक्रमका लागि रु. ५ लाख विनियोजन गर्ने व्यवस्था मिलाएको छु ।

**सभाध्यक्ष महोदय,**

अब म माथिका क्षेत्रगत नीति तथा कार्यक्रमहरु कार्यान्वयनका लागि प्रस्तावित बजेटमा विनियोजन गरिएको रकमको स्रोत व्यवस्थापनको अनुमान प्रस्तुत गर्न अनुमति चाहान्छु ।

४६. आगामी आर्थिक वर्ष २०८३/८४ का नीति तथा कार्यक्रमहरु कार्यान्वयन गर्न जम्मा रु. ६० करोड १६ हजार ९ सय २६ विनियोजन गरिएको छ । उक्त विनियोजित रकम मध्ये चालू तर्फ रु. ४६ करोड २१ लाख ८८ हजार रुपैयाँ अर्थात ७७ प्रतिशत हुनेगरी व्यवस्था मिलाएको छु ।

४७. त्यसैगरी कुल विनियोजित रकम मध्ये पुँजिगत तर्फ रु. १३ करोड ७८ लाख २८ हजार रुपैयाँ अर्थात २३ प्रतिशत हुने व्यवस्था मिलाएको छु ।

४८. आर्थिक वर्ष २०८३/८४ का लागि अनुमान गरिएको कुल विनियोजित रकम मध्ये चालू आर्थिक आन्तरिक आम्दानीवाट रु. ८ करोड २२ लाख ६९ हजार, संघीय तथा प्रदेश सरकारबाट प्राप्त हुने राजश्व बाँडफाँटबाट रु. ९ करोड ७६ लाख ७८ हजार, संघीय र प्रदेश सरकारको समानिकरण अनुदानबाट ११ करोड २३ लाख, संघीय सशर्त, विशेष र समपुरक कार्यक्रमवाट ३० करोड ७७ लाख ६९ हजार व्यहोरिने अनुमान गरिएको छ ।

**४९. नगरसभा सदस्यज्यूहरु**

५०. आर्थिक वर्ष २०८३/८४ का लागि प्रस्तावित बजेटका विभिन्न शिर्षकमा उल्लिखित रकमको शिर्षकगत कार्यक्रममा विनियोजित रकम संघीय तथा प्रदेश सरकारबाट सशर्त तथा विशेष अनुदानका कार्यक्रम र वडा स्तरबाट संचालन हुने प्रस्तावित कार्यक्रम र विनियोजित रकमको विवरण अनुसूचीहरुमा समावेश गरिएको छ ।

५१. आर्थिक वर्ष २०८३/८४ का लागि प्रस्तावित बजेटमा उल्लेख भए अनुसारको आन्तरिक राजस्वको लक्ष्य प्राप्त गर्नका लागी नगरपालिकाबाट प्रवाह हुने विभिन्न किसिमका सेवा तथा सुविधाहरुमा लाग्ने सेवा शुल्क, महशुल दस्तुर लगायतका विषयहरुमा गरिएको थपघट तथा हेरफेरको विवरण भीरकोट नगरपालिकाको आर्थिक ऐन, २०८३ मा समावेश गरिएको छ साथै विनियोजन ऐन, २०८३ समेत यसैसाथ संलग्न राखि पेश गरेको छु ।

अन्त्यमा भीरकोट नगरपालिकाको आर्थिक वर्ष २०८३/८४ को प्रस्तावित नीति, कार्यक्रम तथा बजेट तर्जुमा गर्ने कार्यमा मार्गदर्शन गर्नुहुने आदरणीय नगरप्रमुखज्यू, वडा अध्यक्ष ज्यूहरु, कार्यपालिका सदस्यज्यूहरु, विभिन्न राजनैतिक दलका प्रमुख तथा प्रतिनिधिज्यूहरु उद्योग वाणिज्य संघका पदाधिकारीज्यूहरु, सम्पूर्ण नगरबासी आमाबुवा, दाजुभाइ तथा दिदिबहिनिहरु, पत्रकार साथीहरु र राष्ट्रसेवक कर्मचारीहरुबाट प्राप्त भएको राय सल्लाह सुझाव तथा सहयोग प्रति हार्दिक आभार प्रकट गर्दै प्रस्तावित बजेट तथा कार्यक्रमको कार्यान्वयनमा समेत सोही अनुसारको सल्लाह तथा सहयोगको अपेक्षा गर्दछु ।

धन्यवादः

भगवती रेग्मी अर्याल
नगर उपप्रमुख
भीरकोट नगरपालिका